बौधीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रौतहट

स्थानीय सरकार बौधीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सरमुजवा, रौतहट मधेश प्रदेश, नेपाल

## विनयोजन ऐन

ौधीमाई नगरपालिका, रौतहट को आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने म्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८१/१२/१९

**स्तावना :** बौधीमाई नगरपालिका, रौतहट २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम निनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम बौधीमाई नगरपालिका, रौतहटको नगर सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बौधीमाई नगरपालिका, रौतहटको विनियोजन ऐन, " रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८१/८२को निमित्त नगर कार्यपालिका, वडा मिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी मा रकम ५५,७९,११,३६०.०० (अक्षेरुपी रुपैयाँ पचपन्न करोड उनासी लाख एघार हजार तिन सय साठी मात्र | ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम ञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२को निमित्त बौधीमाई नगरपालिका, ौतहटको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

प्रदीप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
सरमुजवा, रौतहट

# बौधीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, रौतहट
**कार्यालयको कोड : ८०२२०४१२३००**

स्थानीय सरकार
बौधीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यमुनवा, रौतहट
मधेश प्रदेश, नेपाल

संख्या : २०८१/८२
नं. :

**अत्यन्त जरुरी**
**गोप्य**

मिति : २०८१/१२/२५

प्रमुख प्रशासकिय अधिकृत
धीमाई नगरपालिका, रौतहट,
श प्रदेश, रौतहट।

**विषय : <u>आर्थिक वर्ष २०८१/८२ को खर्च गर्ने अख्तियारी</u>।**

आर्थिक बर्ष २०८१/०८२ को विनियोजन ऐन बमोजिम ब.उ.शी.नं. बौधीमाई नगरपालिका तर्फ रू. ५५,७९,११,३६०.०० (अक्षरेपी: पचपन्न करोड उन्नअसी लाख एगारह हजार तीन सय साठी मात्र) र सो मा थपघट हुने रकम समेत प्रचलित कानून अनुसार निकासा लिई खर्च गर्न गराउन र त्यस्तो खर्चको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी प्रदेश आर्थिक कार्यविधि ऐन , सो अन्तर्गत बनेको नियम तथा निर्देशिकाहरूमा व्यवस्थित प्रावधान बमोजिम यहाँलाई अख्तियारी प्रदान गरेको छ । बजेट तथा कार्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा गर्ने सम्बन्धमा जारी भएका तथा हुने निर्देशनका व्यहोराहरूलाई विषेश ध्यान दिई संलग्न बाँडफाँड बमोजिम खर्च गर्नु हुन ।

रु. हजारमा

| सं. | बजेट उपशीर्षक | चालु | पूंजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | ८०२२०४१२१०१ बौधीमाई नगरपालिका | १२,२०,६० | १३,५०,५३ | २५,७१,१३ |
| २ | ८०२२०४१२२०१ बौधीमाई नगरपालिकावडा नं.१ | ७,९५ | ६०,८३ | ६८,७८ |
| ३ | ८०२२०४१२२०२ बौधीमाई नगरपालिकावडा नं.२ | २,७३ | ५४,०५ | ५६,७८ |
| ४ | ८०२२०४१२२०३ बौधीमाई नगरपालिकावडा नं.३ | ० | ६८,२७ | ६८,२७ |
| ५ | ८०२२०४१२२०४ बौधीमाई नगरप्रालिकावडा नं.४ | ० | ६७,४३ | ६७,४३ |
| ६ | ८०२२०४१२२०५ बौधीमाई नगरपालिकावडा नं.५ | ० | ७५,२४ | ७५,२४ |
| ७ | ८०२२०४१२२०६ बौधीमाई नगरपालिकावडा नं.६ | ० | ६५,११ | ६५,११ |
| ८ | ८०२२०४१२२०७ बौधीमाई नगरपालिकावडा नं.७ | ० | ६५,२७ | ६५,२७ |
| ९ | ८०२२०४१२२०८ बौधीमाई नगरपालिकावडा नं.८ | ० | ५९,३७ | ५९,३७ |
| १० | ८०२२०४१२२०९ बौधीमाई नगरपालिकावडा नं.९ | ० | ६२,०७ | ६२,०७ |
| ११ | ८०२२०४१२५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १४,२७,६४ | ८,०२,०० | २२,२९,६४ |
| १२ | ८०२२०४१२५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ० | ६५,०० | ६५,०० |
| १३ | ८०२२०४१२५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ० | ९५,०० | ९५,०० |
| १४ | ८०२२०४१२५२२ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ० | ३०,०० | ३०,०० |
| | जम्मा | २६,५८,९२ | २९,२०,१८ | ५५,७९,११ |

कुल जम्मा रकम रु : ५५,७९,११,३६०.०० अक्षरेपी : रुपैयाँ पचपन्न करोड उनासी लाख एघार हजार तिन सय साठी मात्र।

प्रदिप कुमार यादव
नगर प्रमुख

प्रदीप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
यमुनवा, रौतहट

<u>धार्थ :</u>
महालेखा परीक्षकको कार्यालय, काठमाडौँ
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौँ
महालेखा नियन्त्रक कार्यालय, काठमाडौँ
प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश
कोष तथा लेखा नियन्त्रक कार्यालय, रौतहट

CamScanner